नेरेसो
# रेडक्रस
समाचारप्रधान मासिक पत्रिका

वर्ष ५५, अंक ९ | २०८१ वैशाख | April/May 2024

# केन्द्रीय सभाको ४९औं महाधिवेशन सम्पन्न
## बजेट तथा कार्यक्रम पारित








बैशाख, काठमाडौं । नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय सभाको ४९औं महाधिवेशन वैशाख २० र २१ गते काठमाडौंमा सम्पन्न भएको छ । महाधिवेशनको नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्राध्यापक सुदर्शनप्रसाद नेपालले एक विशेष कार्यक्रमका बीच शुभारम्भ गर्नुभएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष नेपालले नेपाल रेडक्रस सोसाइटीको कानुनी आधार थप मजबुत बनाउन नेपाल सरकार र सरोकारवाला निकायहरूमा नमूना मस्यौदा सम्बन्धमा घनिभूत पैरवी गरी नेपाल रेडक्रस ऐन जारी गराउन यथासम्भव कार्य गरिएको बताउनुभयो । नेपालको संविधान र संघीय संरचनाअनुसार संस्थाको संगठनात्मक स्वरूप, संस्थागत मौलिकता र समावेशी सिद्धान्त सुनिश्चित हुने गरी नेपाल रेडक्रस सोसाइटीको वर्तमान विधानलाई समसामयिक संशोधनको तयारी कार्य पुरा गरिएको अध्यक्ष नेपालले बताउनुभयो ।

संस्थाको मानवीय सेवालाई गुणस्तरीय, सर्वसुलभ, मितव्ययी र स्थानीयकरण गर्दै लगिएको र संस्थागत सवलीकरणका लागि सबै तहमा सुशासन, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्दै जाने मार्गचित्र तय भएको अध्यक्ष नेपालले बताउनुभयो ।

महाधिवेशनका अवसरमा नेपाल रेडक्रस सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठले २०८०/८१ को वार्षिक प्रतिवेदन र २०८१/०८२ को प्रस्तावित कार्यक्रम प्रस्तुत गर्नुभएको थियो । प्रतिवेदन प्रस्तुत गर्दै महामन्त्री श्रेष्ठले नेपाल रेडक्रस सोसाइटीका ८ हजार ७ सय ५३ निकायहरूअन्तर्गत ९ लाखभन्दा बढी सदस्य संख्या रहेको जानकारी गराउनुभयो ।

विपद् प्रतिकार्य, स्वास्थ्य प्रवर्द्धन एवं सुधार, रोगको रोकथाम तथा पीडा न्यूनीकरण, सरसफाइ, खानेपानी तथा स्वच्छता प्रवर्द्धन, पोषण, खोप सेवा, रक्तसञ्चार, प्राथमिक उपचार, एम्बुलेन्स, आँखा उपचार, प्रजनन स्वास्थ्य, सर्ने तथा नसर्ने रोगहरू, महामारी, सर्पदंश उपचारलगायतका गतिविधिहरूमार्फत गत वर्ष मात्रै २५ लाखभन्दा बढी जनसंख्या लाभान्वित भएको महामन्त्री श्रेष्ठले जानकारी दिनुभयो ।

नेपाल रेडक्रस सोसाइटीका कोषाध्यक्ष वीर वहादुर बस्नेतले आ.व.२०८०/०८१ को वार्षिक आर्थिक प्रतिवेदन र आ.व.२०७९/०८० को लेखापरीक्षण प्रतिवेदन र आगामी वर्षको आयव्यय विवरण प्रस्तुत गर्नुभएको थियो । सोसाइटीका महामन्त्री र कोषाध्यक्षद्वारा प्रस्तुत प्रतिवेदनहरू सभाले सुझावसहित पारित गरेको छ ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका उपाध्यक्षद्वय राधा नेपाली र सुरेन्द्र सिं ऐरले क्रमशः महाधिवेशनका प्रतिनिधिहरूलाई स्वागत र धन्यवाद व्यक्त गर्नुभएको थियो ।

नेपाल रेडक्रस सोसाइटीका पूर्व उपाध्यक्ष एवं हालका सल्लाहकार सरला कायस्थले रेडक्रसकर्मीहरूले मन, वचनले सेवा पुर्‍याउनु पर्नेमा जोड दिनुभयो । यस्तै युवा प्रतिनिधि युवसा जि.सी.ले रेडक्रस सिद्धान्तलाई अनुशरण गरी सेवालाई निरन्तरता दिने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

महाधिवेशन उद्घाटन कार्यक्रमको सञ्चालन र सहजीकरण सोसाइटीका उपमहामन्त्री मनोजकुमार थापाले गर्नुभएको थियो ।

महाधिवेशनमा सातै प्रदेश, ७२ जिल्ला, केन्द्रीय पदाधिकारी एवं सदस्य, डेनिस रेडक्रस र साझेदार राष्ट्रिय सोसाइटीका प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटीका कार्यकारी निर्देशक, निर्देशक र कर्मचारीहरू गरी ३ सयभन्दा बढीको सहभागिता रहेको थियो ।

# सम्पादकीय

## "मानवतालाई जीवित राखौं"

अन्तर्राष्ट्रिय रेडक्रस अभियानले हरेक वर्ष रेडक्रस अभियानका संस्थापक जँ हेनरी ड्युनाको जन्म दिन मे ८ तारिखलाई विश्व रेडक्रस तथा रेडक्रिसेण्ट दिवसको रूपमा मनाउँदै आएको छ। सन् १९३८ मा बेलायतको लण्डनमा भएको रेडक्रसको १४औं अन्तर्राष्ट्रिय सम्मेलनले मे ८ लाई अन्तर्राष्ट्रिय रेडक्रस दिवसका रूपमा मनाउने निर्णय गरेको थियो र पहिलो अन्तर्राष्ट्रिय रेडक्रस दिवस ८ मे १९४८ मा मनाइएको थियो। सन् १९८४ मा यसको नाम परिवर्तन गरी 'विश्व रेडक्रस र रेडक्रिसेण्ट दिवस' को रूपमा मनाउन थालिएको हो।

विश्व रेडक्रस तथा रेडक्रिसेण्ट दिवस रेडक्रसका स्वयंसेवकहरूको मानवताप्रतिको अटल प्रतिबद्धतालाई पुन: पुष्टि गर्ने र रेडक्रसका मौलिक एवं आधारभूत सिद्धान्तहरूलाई प्रतिबिम्बित गरी मानवताको भावनालाई बचाई राख्ने एउटा महत्वपूर्ण अवसर पनि हो। यस वर्षको विश्व रेडक्रस दिवस "मानवतालाई जीवतै राखौं" (Keeping Humanity Alive) भन्ने नाराका साथ हालै विश्वव्यापी र स्थानीय रूपमा विविध गतिविधिहरूको आयोजना गरी मनाइएको छ।

आजको आधुनिक र प्रविधियुक्त संसारमा पनि अन्तरदेशीय र देशभित्र हुने युद्ध, हिंसा र विभेदका कारण मानवता कमजोर हुँदै गइरहेको छ। त्यसैगरी विश्वमा तापक्रम वृद्धि र जलवायु परिवर्तनको प्रभावका कारण विपद्का घटना, खडेरी र अनिकालजस्ता कारण मानवताको रक्षा थप चुनौतीपूर्ण बनेको छ। यस वर्षको विश्व रेडक्रस दिवसको नाराले यस अनिश्चित, ध्रुवीकृत, द्वन्द्व, विपद् र विभेदको चपेटामा परेको संसारमा निस्वार्थ सेवाभाव राखी मानवीय पीडा कम गर्न अहोरात्र खटिने स्वयंसेवकहरूले पुऱ्याउने सेवाहरूमार्फत् मानवताको दियो जगाई राख्न आवश्यक छ भन्ने सन्देश दिन खोजेको छ। साथै अभूतपूर्व संकट र क्षतिको समयमा रेडक्रस स्वयंसेवकहरूले सेवाका क्रममा सामना गर्ने दैनिक खतरा र जीवन बचाउने कामलाई पूर्ण रूपमा सम्मान र सुरक्षित गरिएको सुनिश्चित गर्नु हामी सबैको सामूहिक दायित्व हो भन्ने सन्देश पनि दिवसले दिन खोजेको छ।

रेडक्रस अभियानका अङ्गहरू रेडक्रसको अन्तर्राष्ट्रिय समिति, रेडक्रस तथा रेडक्रिसेण्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघ र विश्वभरि छरिएर रहेका राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेण्ट सोसाइटीहरूले आ-आफ्ना भूमिका र क्षेत्रअनुसार विश्वव्यापी र स्थानीय रूपमा आईपर्ने मानवीय पीडालाई कम गरी मानवतालाई जोगाइ राख्न अहोरात्र खटिरहेका छन्। रेडक्रसको अन्तर्राष्ट्रिय समितिले विश्वव्यापी रूपमा युद्ध र आन्तरिक हिंसाबाट पीडितहरूको जीवन र मर्यादाको सुरक्षामा सहयोग पुऱ्याइरहेको छ भने महासंघले विश्वका आईपर्ने मानवीय पीडाको रोकथाम खास गरी विपद्, महामारी, प्राकृतिक प्रकोप इत्यादिबाट पीडितहरूलाई सहयोग पुऱ्याइरहेको छ र विश्वभरि छरिएर रहेका १९१ राष्ट्रिय सोसाइटीहरूले देशभित्र आइपर्ने विपद् उद्धार, स्वास्थ्य तथा सामाजिक सेवा र विकासमूलक कार्यहरूमा सरकारको सहयोगीको रूपमा काम गरी मानवीय पीडालाई कम गरी मानवतालाई बचाउने कार्यमा महत्वपूर्ण सहयोग र योगदान पुऱ्याइ आएको सर्व विदितै छ। अन्तर्राष्ट्रिय रेडक्रस अभियानका निकाय र यसमा आवद्ध स्वयंसेवक एवं कार्यकर्ताहरूबाट पुऱ्याइने आकस्मिक सेवाको पहुँचलाई बढाउन निर्वाध रूपमा सेवा पुऱ्याउन सक्ने वातावरणलाई अझ सुदृढ बनाउनेतर्फ सम्बन्धित सबै सरोकारवाला पक्षहरूको ध्यान केन्द्रित हुनुपर्ने देखिन्छ। त्यस्तै विशेष गरी युद्ध र अन्य विपत्तिका बेला सेवा र सहायता प्रदान गर्ने कार्यमा खटिरहेका स्वयंसेवक र रेडक्रसकर्मीहरूको जीवन सुरक्षाका साथै रेडक्रसले काम गर्ने स्थान, यसका भवन एवं एम्बुलेन्स लगायतका अत्यावश्यकी सवारी साधनहरूको निर्वाध आवतजावत्का लागि सुरक्षाको प्रत्याभूति हुन आवश्यक छ। यसका लागि देशका सरकारलगायतका सम्बन्धित सबै पक्षहरूबाट जेनेभा महासन्धि र अन्तर्राष्ट्रिय मानवीय कानुनमा भएका प्रावधानहरूको अक्षरस पालना गर्नेगराउनेतर्फ समयमै ध्यान पुऱ्याउन अझ आवश्यक छ।

यसर्थ, यस वर्षको विश्व रेडक्रस दिवस मनाइरहँदा रेडक्रसकर्मीमा मानवीय आत्मसम्मानको रक्षा गर्ने, मानवीय पीडा कम गर्ने र विशेषत: पहुँच बाहिर जोखिमपूर्ण अवस्थामा रहेका व्यक्ति तथा समुदायलाई सेवा गर्दै मानवतालाई बचाइ राख्न दिवसबाट प्रेरणा मिल्ने अपेक्षा गरिएको छ।

**प्रधान सम्पादक :** भूपतिलाल श्रेष्ठ
**कार्यकारी सम्पादक :** बिपुल न्यौपाने
**सहायक सम्पादक :** नरेन्द्र श्रेष्ठ

## अन्तर्राष्ट्रिय रेडक्रस सम्मेलनको तयारी बैठक तथा कानुनी बैठक जेनेभामा सम्पन्न

अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियानको सर्वोच्च अङ्गको रूपमा रहेको अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सम्मेलन हरेक ४-४ वर्षको अन्तरालमा आयोजना हुने व्यवस्थाबमोजिम् यस वर्ष ३४औं अन्तर्राष्ट्रिय सम्मेलन अक्टोबर २८ देखि ३१ सम्म जेनेभामा हुँदैछ।

सम्मेलनकै क्रममा अक्टोबरमा प्रतिनिधि परिषद् (Council of Delegates) र IFRC को २४औं महासभा (General Assembly) जेनेभामै हुँदैछ। उक्त वैधानिक बैठकहरूको रूपरेखाबारे सामान्य छलफल र खास गरी अन्तर्राष्ट्रिय सम्मेलनमा पेश गरिने प्रस्तावहरूबारे विशेष छलफल गर्ने उद्देश्यले यही मे ६ र ७ तारिखमा बैठकको आयोजना गरिएको छ। जेनेभामा आयोजित सो बैठकमा नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्रा. सुदर्शनप्रसाद नेपाल र मे ८ मा भएको कानुनी बैठक (Annual Legal Advisor Meeting) मा कानुनी परामर्शदाता विजय दाहालको सहभागिता रहेको थियो।




महासंघको ३४औं अन्तर्राष्ट्रिय सम्मेलनको तयारी बैठकमा आईसीआरसी, आईएफआरसी, राष्ट्रिय रेडक्रस/रेडक्रिसेन्ट सोसाइटीहरू र सरकारका प्रतिनिधिहरू समेतको सहभागिता रहेको थियो। बैठकमा भौतिक र विद्युतीय दुवै माध्यमबाट सहभागी हुनसक्ने व्यवस्था गरिएकाले कतिपय राष्ट्रको सहभागिता विद्युतीय माध्यमबाट समेत भएको थियो।

बैठकमा दक्षिण एसियाका नेपाल, पाकिस्तान, श्रीलङ्का र अफगानिस्तानका रेडक्रस/रेडक्रिसेन्ट सोसाइटीहरूको प्रत्यक्ष (भौतिक) सहभागिता रहेको थियो भने नेपाल सरकारको तर्फबाट जेनेभास्थित नेपाली नियोगका प्रथम सचिव चण्डीका पोखरेलको सहभागिता थियो। अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सम्मेलन र प्रतिनिधि परिषद्को सञ्चालन ९ सदस्यीय स्थायी समिति (Standing Commission) बाट हुने हुँदा सोही स्थायी समितिले यस बैठकको समन्वय गरेको थियो।

स्थायी समितिमा राष्ट्रिय रेडक्रस/रेडक्रिसेन्ट सोसाइटीहरूबाट निर्वाचित ५ जना, आईसीआरसीबाट अध्यक्ष सहित २ जना र आईएफआरसीबाट पनि अध्यक्ष सहित २ जना प्रतिनिधिहरू रहने व्यवस्था छ। हाल स्थायी समितिको सभापतिमा स्पेनिस रेडक्रसका मर्सिडीज बेब (Ms. Mercedes Babe) हुनुहुन्छ। अक्टोबरमा हुने सम्मेलनमा प्रस्तुत गरिने ५ वटा प्रस्तावहरूका अन्तरवस्तु (Elements) का बारेमा बैठकमा छलफल भएको थियो। सो अवसरमा अन्तर्राष्ट्रिय मानवीय कानुनको परिपालनाको विश्वव्यापी संस्कृतितर्फ, शसस्त्र द्वन्दबाट प्रभावित मानिसहरूलाई विद्युतीय खतराबाट जोगाउने र खतरा कम गर्ने, बृहत् विपद् कानुनको माध्यमबाट विपद् जोखिम व्यवस्थापन सुदृढीकरण, मानवीय कार्य र उत्थानशीलता सुदृढीकरण गर्न स्थानीय नेतृत्व, क्षमता र सेवा प्रवाहको सबलीकरण र चरम घटनाहरूको मानवीय असरबाट मानिसहरूको संरक्षण: अनुमानयोग्य अग्रिम कार्यको सुदृढीकरणको लागि सहकार्य गरी पाँच वटा प्रस्तावहरूमा छलफल भएको थियो।

हरेक प्रस्तावका अन्तरवस्तुमा छलफल गर्न इच्छुक वक्तालाई तीन मिनेटको समय दिइएको थियो। बैठकको पहिलो दिन नेपाल रेडक्रसको तर्फबाट अध्यक्ष प्रा. सुदर्शनप्रसाद नेपालले विपद् कानुनसम्बन्धी प्रस्तावको छलफलमा भाग लिँदै विपद् जोखिम व्यवस्थापनका लागि तयार पारिएको बृहत् निर्देशिकाको स्वागत गर्नुभयो। उहाँले नेपाल रेडक्रस सोसाइटीले आईएफआरसीको सहयोगमा नेपालमा विपद् कानुनसम्बन्धी अनुसन्धानहरू गर्नुका साथै नेपाल सरकारलाई विपद्सम्बन्धी नीति र कानुन सुदृढीकरणमा सहयोग गर्दै आएको बताउँदै ...

(बाँकी पृष्ठ ७ मा)

● निराशावादी हर अवसरमा समस्या देख्दछ भने आशावादी हर समस्यामा अवसर देख्दछ। - **विन्सटन चर्चिल**

# “मानवतालाई जीवित राखौं” भन्ने मूल नाराका साथ विश्व रेडक्रस दिवस देशव्यापी रुपमा सम्पन्न




काठमाडौं, वैशाख २६ गते । विश्व रेडक्रस दिवसका अवसरमा नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयमा मूल समारोहको आयोजना गरियो ।

दिवसको अवसरमा नेपालमा पनि रेडक्रस अभियानका अंगका प्रमुखहरूले संयुक्त रूपमा रेडक्रसको झण्डोत्तोलन र जँ हेनरी डयुनाको तस्वीरमा माल्र्यापर्ण गरी दिवसको शुभारम्भ गर्नुभएको थियो ।

सन् १८६३ मा विश्वमा रेडक्रस अभियानको सूत्रपात गर्ने रेडक्रस अभियानका संस्थापक जँ हेनरी डयुनाको जन्मदिनको अवसर पारेर हरेक वर्ष मनाइने विश्व रेडक्रस दिवस, मे ८ यस वर्ष विश्वभरि “मानवतालाई जीवित राखौं (Keeping Humanity Alive) भन्ने मूल नाराका साथ मनाइएको छ ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका कार्यवाहक अध्यक्ष राधा नेपालीले यस वर्षको विश्व रेडक्रस दिवसको “मानवतालाई जीवतै राखौं” भन्ने नाराको महत्वमाथि प्रकाश पार्दै मानवतालाई जीवत राख्न रेडक्रसले प्रदान गर्ने सेवाहरू मानवीय सेवाभावले ओतप्रोत हुनुपर्ने बताउनुभयो । उहाँले नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित गतिविधिहरूमा मानवता झल्केको बताउँदै रेडक्रसको शीर उच्च राख्न रेडक्रसकर्मीहरू अहोरात्र लागिरहेको बताउनुभयो ।

सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठले नेपाल रेडक्रस सोसाइटीले आफ्नो स्थापनाकालदेखि नै मानवीय विपत्ति कम गर्न सरकारको सहयोगीको रूपमा क्रियाशील रहेको बताउँदै मानवतामा देखिएका चुनौती कम गर्न सरकार र रेडक्रसलगायतका संस्था एकीकृत रूपमा अगाडि बढ्नुपर्ने कुरामा जोडदिनुभयो ।

नेपाल रेडक्रस सोसाइटीका कोषाध्यक्ष वीर वहादुर बस्नेतले विश्व रेडक्रस दिवसका दिन रेडक्रसकर्मीहरूले आफ्ना कमीकमजोरीहरूलाई सच्चाउँदै अभियानका सात सिद्धान्तहरूको पालना गर्दै एकताबद्ध भई अगाडि बढ्न प्रण गर्नुपर्ने बताउनुभयो ।

रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ (आईएफआरसी) का नेपाल प्रमुख अजमत उल्लाले रेडक्रस अन्य एनजिओहरूभन्दा फरक रहेको बताउँदै यसले सात सिद्धान्तहरूको पालना गर्दै विश्वव्यापी रूपमा सम्बन्धित देशको सरकारको सहयोगीको रूपमा सहयोग पुऱ्याइरहेको बताउनुभयो ।

## “मानवतालाई जीवित राखौ (Keeping Humanity Alive)” नाराको महत्व :

आजको आधुनिक र प्रविधियुक्त संसारमा पनि अन्तरदेशीय र देशभित्र हुने युद्ध, हिंसा, विभेदका कारण मानवता कमजोर हुँदै गइरहेको छ । त्यसैगरी विश्वमा तापक्रम वृद्धि र जलवायु परिवर्तनको प्रभावका कारण विपद्का घटना बढेका, खडेरी र अनिकालका कारण मानवताको रक्षा थप चुनौतीपूर्ण बनेको छ । यस वर्षको नारा “मानवतालाई जीवित राखौ (Keeping Humanity Alive)” ले यस अनिश्चित, ध्रविकृत, द्वन्द्ध र विभेदको चपेटामा परेको संसारमा निश्वार्थ सेवाभाव राखी मानवीय पीडा कम गर्न अहोरात्र खटिने स्वयंसेवकहरुले पुऱ्याउने सेवामार्फत् मानवताको दियो जगाई राख्न आवश्यक छ भन्ने सन्देश दिन खोजेको छ । यस दिवसले रेडक्रसकर्मीमा मानवीय आत्मसम्मानको रक्षा गर्ने, मानवीय पीडा कम गर्ने र विशेषतः पहुँच बाहिर जोखिमपूर्ण अवस्थामा रहेका व्यक्ति तथा समुदायलाई सेवा गर्ने प्रेरणा र प्रतिवद्धता प्राप्त हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

रेडक्रस अभियान मूलभूत रुपमा मानवता, निश्पक्षता, तटस्थता, स्वाधीनता, स्वयंसेवा, एकता र विश्वव्यापकता जस्ता सात आधार भूत सिद्धान्तहरुद्धारा निर्देशित भई कार्य गर्ने गर्दछ । रेडक्रस अभियानले प्रत्येक वर्ष सशस्त्र संघर्ष र विभिन्न विपत्तिका बेला विश्वभरिका १ करोड ५० लाखभन्दा बढी व्यक्तिहरुलाई सेवा पुऱ्याउन सक्षम छ । रेडक्रस अभियान विश्वको सबैभन्दा ठूलो मानवीय सञ्जाल भएको अन्तर्राष्ट्रिय परोपकारी संस्था हो । विश्वभरका १९१ राष्ट्रिय सोसाइटीहरुसहित मिलेर बनेको यस अभियानमा करिव १ करोड ६० लाखभन्दा बढी स्वयंसेवकहरु आबद्ध छन् ।

नेपाल रेडक्रस सोसाइटी (नेरेसो) रेडक्रस अभियानको एक अभिन्न अंगका रुपमा वि.सं. २०२० साल भाद्र १९ गते तदनुसार ४ सेप्टेम्बर १९६३ मा स्थापना भएको हो । हाल नेपाल रेडक्रसका सातै प्रदेशमा प्रदेश कार्यालय, ७७ जिल्लामा जिल्ला शाखा कार्यालय, सबै स्थानीय तहमा गरी १,६१५ उपशाखा कार्यालय र ६,९३४ जुनियर तथा युवा सर्कलहरु रहेका छन् । समुदाय स्तरसम्म फैलिएका यी सांगठनिक निकायहरुमा १ लाख ३० हजार सदस्य तथा स्वयंसेवक आबद्ध छन् । संगठन र स्वयंसेवकको देशव्यापी सञ्जाल भएको नेपाल रेडक्रस सोसाइटीले प्रकोप व्यवस्थापन, स्वास्थ्य सेवा, सामुदायिक विकास, खानेपानी तथा स्वच्छता प्रवर्द्धन, रेडक्रस सिद्धान्त र मूल्य मान्यताको प्रवर्द्धनजस्ता कार्य क्षेत्रहरुमार्फत् वर्षेनी करिव २५ लाखभन्दा बढीलाई सेवा पुऱ्याउन सफल भएको छ ।

रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) नेपाल प्रमुख सन्देश श्रेष्ठले नेपाल रेडक्रस सोसाइटीका स्वयंसेवकहरूले समुदायमा पहिलो उद्धारकर्ताको रूपमा पुऱ्याइरहेको सेवाको प्रशंसा गर्दै नेपालमा रेडक्रस कानुन बनाउनुपर्ने र यसका लागि सहयोग गर्न आईसीआरसी प्रतिवद्ध रहेको बताउनुभयो ।

युवा रेडक्रस सर्कल ठैब ललितपुरका सर्कल अध्यक्ष सीवानी थापामगरले मानवीय सेवा गर्दा खुशी प्राप्त हुने बताउँदै मानवीय पीडा कम गर्न र मानवतालाई जोगाई राख्न युवाहरूको भूमिका महत्वपूर्ण हुने बताउनुभयो ।

नेपाल रेडक्रस सोसाइटीका उपमहामन्त्री मनोजकुमार थापाले दिवसको मूल समारोह कार्यक्रमको सञ्चालन गर्नुभएको थियो । सो अवसरमा रेडक्रस अन्तर्राष्ट्रिय महासंघअन्तर्गत हाल विश्वका १९१ राष्ट्रमा राष्ट्रिय सोसाइटीहरू रहेको बताउँदै नेपाल रेडक्रस सोसाइटीमा ९ लाखभन्दा बढी सदस्यहरू मानवीय सेवा गतिविधिहरू संलग्न रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यहरू, प्रदेशका प्रतिनिधि, रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ र रेडक्रसको अन्तर्राष्ट्रिय समितिका प्रतिनिधि र कर्मचारीहरू, साझेदार राष्ट्रिय सोसाइटीका प्रतिनिधिहरू, युवा स्वयंसेवकहरू र नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

दिवसका अवसरमा केन्द्रीय कार्यालयमा आयोजित रक्तदान कार्यक्रमा केन्द्रीय कार्यालयका कर्मचारीहरूले रक्तदान गर्नुभएको थियो ।

# प्रकोपका बेलामा नसर्ने रोगहरू व्यवस्थापनसम्बन्धी नविनतम परियोजनाको शुभारम्भ





वैशाख १० गते । नेपाल रेडक्रस सोसाइटीले प्रकोपका बेलामा नसर्ने रोगहरू व्यवस्थापन गर्न पूर्वानुमानमा आधारित पूर्वकार्यका गतिविधिहरू सञ्चालन गर्नेसम्बन्धी "Strengthening NCD (Non–Communicable Disease) Care Resilience in Disaster–Prone Municipalities of Western Nepal" नविनतम् परियोजनाको काठमाडौंमा एक कार्यशालाको आयोजना गरी शुभारम्भ गरेको छ ।

विपद्को समयमा नसर्ने रोग (NCD) लागेका व्यक्तिहरूसम्म पहुँच बढाउने र समुदायको उत्थानशीलता अभिबृद्धि गर्ने उद्देश्यले कैलालीको भजनी नगरपालिका र कञ्चनपुरको लालझाडी गाउँपालिकामा नसर्ने रोगसम्बन्धी परियोजना शुरू गरिएको छ । परियोजना सन् २०२४ अप्रिलदेखि सन् २०२६ मार्चसम्म सञ्चालन हुनेछ ।

सो कार्यशालाको उद्देश्यमाथि प्रकाश पार्दै नेपाल रेडक्रस सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले विपद्का बेला स्वास्थ्य संस्थाहरूमा पर्ने असर ले गर्दा तिनले दिने सेवामा पनि असर गर्ने हुँदा प्रभावितहरूको जोखिमलाई अझ बढाउने भएकोले नसर्ने रोगहरूको अध्ययन अनुसन्धानका साथै न्यूनीकरणका लागि परियोजना शुरूवात गरिएको बताउनुभयो ।

कार्यशालालाई सम्बोधन गर्दै नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्राध्यापक सुदर्शनप्रसाद नेपालले नसर्ने रोगहरूसम्बन्धी यस नविनतम् परियोजनाको शुभारम्भ आफैंमा महत्वपूर्ण रहेको बताउँदै नसर्ने रोगहरूको असर न्यूनीकरण गर्न परियोजनाबाट सहयोग पुग्ने बताउनुभयो ।

नेपाल रेडक्रस सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठले रेडक्रस विपद्को साथीको रूपमा चिनिने बताउँदै स्वास्थ्य र नसर्ने रोगलाई विपद्सँग जोडेर प्रभावित समुदायमा सेवा पुऱ्याउन परियोजना सफल हुने बताउनुभयो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले विपद्को बेलामा आकस्मिक सेवालाई मात्रै प्राथमिकता दिइने र नसर्ने रोगहरूलाई महत्व नदिइने गरेको सन्दर्भमा जाजरकोट भूकम्पमा भने यी दुवै विषयलाई सँगसँगै लगिएको बताउनुभयो । उहाँले नेपाल रेडक्रसले परियोजनामार्फत् नसर्ने रोगका विषयमा गर्ने अनुसन्धानबाट आएका सुझावहरू सरकारका लागि पनि उपयोगी हुने र परियोजनालाई प्रदेश तथा पालिका तहसम्म विस्तार गर्न सकिने बताउनुभयो ।

स्वास्थ्य मन्त्रालयअन्तर्गतको स्वास्थ्य समन्वय महाशाखाका डा.समिर अधिकारीले मानसिक स्वास्थ्य र नसर्ने रोगहरू नेपालका लागि ठूलो समस्याको रूपमा रहेको बताउँदै रेडक्रसबाट सञ्चालन हुने अनुसन्धानात्मक यस परियोजनाले नसर्ने रोगहरूको समग्र पक्षलाई समेट्ने अपेक्षा गरिएको बताउनुभयो ।

रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ नेपालका निमित्त प्रमुख एर्वे गजेउले आगलागी, बाढी, पहिरोलगायतका विपद् प्रतिकार्यका गतिविधि सञ्चालन गर्ने क्रममा नसर्ने रोगलाई छुटाइएको बताउँदै परियोजनाले यसलाई समेटने छ, भन्नुभयो ।

परियोजनाको साझेदार निकाय डेनिस रेडक्रसका कन्ट्री क्लस्टर प्रतिनिधि डेभिड फोगडेनले नेपाल रेडक्रस सोसाइटी, डेनिस रेडक्रस, Aarhus University र क्यानेडियन रेडक्रसको साझेदारीमा परियोजना सञ्चालनमा साझेदारी रहेको जानकारी दिनुभयो ।

कार्यशालामा डेनिस रेडक्रसका कार्यक्रम संयोजक निरू प्रधानले परियोजनाअन्तर्गत सञ्चालन हुने गतिविधिहरूका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो भने डेनिस रेडक्रस कन्सुलेट कार्यालयका हरि धरेलले परियोजनाको सफल कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्नुभएको थियो ।

यस्तै नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का डा.मेघनाथ धिमाल र डब्लुएचओका प्रतिनिधि डाक्टर ग्याम्पो दोर्जीले नेपालमा नसर्ने रोगहरूको अवस्था र जोखिमका तत्वहरूका बारेमा र स्वास्थ्य सेवा विभागका डा. रइस पोखरेलले नसर्ने रोग तथा मानसिक स्वास्थ्य कार्यक्रमका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

यसैगरी कैलालीका वरिष्ठ जनस्वास्थ्य अधिकृत आशुतोष श्रेष्ठ, कञ्चनपुर जनस्वास्थ्य कार्यालयका सिद्धराज भट्ट, काठमाडौं विश्वविद्यालयका बन्दना पनेरू, नेपाल डेभलपमेन्ट सोसाइटीका कार्यकारी निर्देशक स्वेता कोइरालालगायतले नसर्ने रोगहरूको अवस्था र चुनौतीका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यशालामा नेपाल रेडक्रस सोसाइटी स्वास्थ्य सेवा विभागका निर्देशक मोना अर्यालले छलफलको सहजीकरण गर्नुभएको थियो भने कार्यक्रमको अन्त्यमा बोल्दै विपद् व्यवस्थापन विभागका निर्देशक सागर श्रेष्ठले परियोजनाअन्तर्गत गरिने अनुसन्धानबाट प्राप्त प्रगतिहरू साझेदार निकायहरूलाई अद्यावधिक गराइने जानकारी गराउनुभयो ।

कार्यशालामा नेपाल रेडक्रस सोसाइटीका उपमहामन्त्री मनोजकुमार थापा, केन्द्रीय सदस्य एवं स्वास्थ्य समितिका सदस्य रामलाल आचार्य, सोसाइटीका विभिन्न विभागका निर्देशक तथा कर्मचारी र सरोकार वाला निकायका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

विभिन्न अध्ययन तथा तथ्याङ्का आधारमा विश्वव्यापी रूपमा हृदय रोग, मधुमेह, मानसिक स्वास्थ्य समस्याहरू र दीर्घकालीन श्वासप्रश्वास रोगहरूसहित विभिन्न नसर्ने रोगहरूले लगभग ४ करोड मानिसहरूको मृत्यु हुने गरेको देखिन्छ ।

नेपालले बाढी, पहिरो, भूकम्प, खडेरी र महामारीलगायतका प्राकृतिक प्रकोपहरूको सामना गरि रहेको छ । यस्तो आपत्कालीन अवस्थामा, नसर्ने रोग लागेका व्यक्तिहरू अति आवश्यक स्वास्थ्य सेवाबाट वञ्चित हुनसक्ने र उनीहरूको जीवन नै थप जोखिममा पर्न सक्ने देखिन्छ । यस परियोजनाले विद्यमान पूर्वानुमानमा आधारित पूर्वकार्यको सिकाइको आधारमा अन्य संकटासन्न समूह जस्तैः नसर्ने रोग लागेका मानिसहरूलाई पनि पूर्वसूचना र पालिकाको विद्यमान पूर्वानुमानमा आधारित पूर्वकार्य ढाँचाभित्र ल्याई उत्थानशीलतामा अभिवृद्धि गर्नका लागि पहल गर्नेछ ।

## MHPSS सम्बन्धी कार्यशाला सम्पन्न

वैशाख ४ गते । नेपाल रेडक्रस सासाइटीरा मानसिक स्वास्थ्य र मनोसामाजिक सहयोग (MHPSS_का बारेमा जानकारी गराउने एवं छलफल र समूह अभ्यास गरी यससम्बन्धी खाका तयार गर्ने उद्देश्यले चारदिने कार्यशाला केन्द्रीय कार्यालयमा सम्पन्न भएको छ ।

नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्राध्यापक सुदर्शनप्रसाद नेपालको अध्यक्षतामा शुरु भएको सो कार्यशालाको उद्देश्यमाथि प्रकाश पार्दै सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले रेडक्रस अभियानले हरेकजसो बिपद् प्रतिकार्यमा MHPSS लाई महत्वपूर्ण गतिविधिको रूपमा समावेश गरी सञ्चालन गर्दै आएको बताउनुभयो । कार्यक्रममा डेनिस रेडक्रसका प्रतिनिधि लुइस र एलेक्सले रेडक्रस रेडक्रिसेण्ट अभियानमा MHPSS का सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

उक्त कार्यशालामा नेपाल रेडक्रस सोसाइटी, रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ र साझेदार राष्ट्रिय सोसाइटीका प्रतिनिधि एवं कर्मचारीहरूको सहभागिता रहेको थियो ।

## स्मृति सभाको आयोजना



२०७२ साल वैशाख १२ को भूकम्पमा परी दिवंगत हुनुभएका रेडक्रसकर्मी, रक्तदाता र स्वयंसेवकहरूको सम्झनामा नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयमा स्मृति सभाको आयोजना गरिएको छ। नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्तसञ्चार सेवामा कार्यरत वरिष्ठ प्राविधिक सहायक लालमाया गुरुङ, रक्त सङ्कलन स्वयंसेवकहरू सानुमाया कपाली र सिम्रन डंगोल लगायत स्वयंसेवी रक्तदाताहरूको काठमाडौंको काष्ठमण्डप मन्दिर परिसरमा आयोजित कार्यक्रममा रगत सङ्कलन गर्दै गर्दा भूकम्पमा परी अकल्पनीय निधन भएको थियो।

नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयका कर्मचारी र स्वयंसेवकहरूको उपस्थितिमा सम्पन्न सो कार्यक्रममा बोल्दै सोसाइटीका अध्यक्ष प्रा. सुदर्शनप्रसाद नेपालले दिवंगत रेडक्रसकर्मी र स्वयंसेवकहरूको चीर शान्तिको कामना गर्दै उहाँहरूको योगदानलाई रेडक्रसले सदैव सम्झिरहने बताउनुभयो।

कार्यक्रममा सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठ, कार्यकारी निर्देशक उमेशप्रसाद ढकाललगायत केन्द्रीय कार्यालयमा कार्यरत कर्मचारीहरूको उपस्थिति रहेको थियो।

## शोक सभाको आयोजना



वैशाख, १८ गते। नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय रक्तसञ्चार सेवाका प्रथम निर्देशक डा. रञ्जनप्रसाद सिंहको असामयिक निधन भएको १२औं दिनको पूण्य तिथिमा सोसाइटीको केन्द्रीय कार्यालयमा शोक सभाको आयोजना गरी एक मिनेट मौन धारणा गरिएको छ।

सो कार्यक्रमा बोल्दै नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्राध्यापक सुदर्शनप्रसाद नेपालले रक्तसञ्चार सेवाको विकास र रगत तथा रक्त तत्वको गुणस्तर सुधारमा स्वर्गीय डा. सिंहले पुऱ्याउनु भएको योगदानको चर्चा गर्दै रेडक्रसले सम्झनै पर्ने आदर्श पुरूष सिंहले देखाउनुभएको मार्गलाई अनुसरण गर्नुपर्ने बताउनुभयो। सो कार्यक्रममा रक्तञ्चार सेवा केन्द्रका प्राविधिक अधिकृत राजेन्द्र र ायाले स्वर्गीय सिंहले रक्तसञ्चार सेवामा शुरूका दिनदेखि पुऱ्याउनु भएको सेवा र योगदानका बारेमा चर्चा गर्नुभएको थियो। कार्यक्रममा सोसाइटीका केन्द्रीय पदाधिकारी, सदस्य र कर्मचारीहरुको सहभागिता रहेको थियो।

## लाभग्राहीहरुको नाम विपद् पोर्टलमा प्रविष्ट




जाजरकोट। नेपाल रेडक्रस सोसाइटीले अस्थायी आवास निर्माण अनुदान प्राप्त गर्ने लाभग्राहीको विवरण विपद् पोर्टलमा प्रविष्ट गर्न विभिन्न चरणमा पालिकाहरूलाई सहयोग गर्दै आइर हेको छ। जाजरकोट भूकम्पवाट प्रभावितहरूलाई जाजरकोट जिल्लाका विभिन्न पालिकाहरूलाई विवरण प्रविष्ट गर्ने कार्यमा सहयोगका लागि नेपाल रेडक्रसका तर्फवाट २२ जना स्वयंसेवक १० दिनका लागि परिचालित भएका थिए।

नेपाल रेडक्रस सोसाइटी जाजरकोट जिल्ला शाखाले अहिलेसम्ममा २३ हजार ८ सय ६० जना लाभग्राहीको विवरण विपद् पोर्टलमा प्रविष्टि गरिसकेको छ।

## मनोसामाजिक सहयोगका गतिविधिहरु सञ्चालन

जाजरकोट। नेपाल रेडक्रस सोसाइटी जाजरकोट जिल्ला शाखाले सञ्चालन गरिरहेको भूकम्प प्रतिकार्य कार्यक्रमअन्तर्गत जिल्लाको भेरी नगरपालिका वडा नं १,२,३ वडाहरूमा हालसम्म ७ वटा भूकम्प प्रभावित विद्यालय पहिचान गरी लैङ्गिक हिंसा र ोकथामसम्बन्धी र मानसिक स्वास्थ मनोसामाजिक सहयोगसम्बन्धीका विभिन्न कार्यक्रम तथा गतिविधिहरू सञ्चालन भएका छन्।

विद्यालयमा पुगी बालबालिका, विद्यालय व्यवस्थापन समिति र शिक्षकहरूसँगको छलफल, अन्तर्क्रियापश्चात् भूकम्प प्रभावित बालबालिकाको मानसिक चिन्ता र भूकम्प पश्चात् हुनसक्ने विभिन्न प्रकारका हिंसालाई रोकथाम गर्ने हेतुले बालमैत्री सामग्री वितरण गरी सो सामग्रीको सही सदुपयोग, लैङ्गिक हिंसासम्बन्धी रोकथाम र मानसिक तनाब व्यवस्थापनसम्बन्धी कार्यक्रम तथा कक्षाहरू सञ्चालन भई रहेका छन्। हालसम्म कार्यक्रममा विद्यालयका छात्र र छात्रा गरी ९ सय ९४ जनाको सहभागिता र हेको थियो।

२०७२ सालको महाभूकम्पमा परी दिवंगत हुनुभएका तमाम आत्माहरूको चिर शान्तिको कामना स्वरुप अर्पित –



सुशीला ढकाल

टोलाउँदा हुन् तमाम नयन,
प्रियजनको वियोग हुँदा ।
विलीन भए कयौ तारा,
महाभूकम्पको परिवन्धले छुँदा ।

अधूरा होलान् कयौंका सपना,
होलान् अविस्मरणीय याद ।
पूरा भएनन् कत्तिका कुरा,
बन्यो अन्तिम संवाद ।

स्तब्ध छन् मनहरू,
विक्षिप्त छन् जीवन ।
उदाउँछन् सूर्य हरेक दिन तर,
फर्किँदैनन् प्रियजन ।

मर्माहत ती कयौ परिवारको,
रहोस् धीरज मन ।
दिवंगत तमाम् आत्माहरू प्रती,
अर्पण गर्छु श्रद्धासुमन ।

## आपत्कालीन क्लिनिकबाट ९ सय ९७ जना लाभान्वित

सल्यान, वैशाख १४ गते। भूकम्प प्रभावित सल्यान जिल्लाको दार्मा गाउँपालिकामा सञ्चालित तीन दिने रेडक्रस आपत्कालीन क्लिनिकबाट ९ सय ९७ जना लाभान्वित भएका छन्।

शिविरमा विशेषज्ञ डाक्टरहरुबाट चेकजाँच तथा उपचार सेवा, सामान्य वहिरगं सेवा, महिला, बालबालिका र जेष्ठ नागरिकका स्वास्थ्य जाँच, उपचार तथा परामर्श, मनोसामाजिक परामर्श सेवा र निःशुल्क औषधि वितरण गरिएको थियो।

नेपाल रेडक्रस सोसाइटीको आयोजना तथा रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ र क्यानेडियन रेडक्रससँगको साझेदारी, दार्मा गाउँपालिका र स्वास्थ्य केन्द्रसँगको समन्वयमा दार्मा आधारभूत स्वास्थ्य केन्द्रमा शिविरको आयोजना गरिएको हो।



# गण्डकी प्रदेश स्तरीय जुनियर तथा युवा रेडकस शिविर सम्पन्न






लमजुङ, वैशाख १५ गते । तेस्रो गण्डकी प्रदेश स्तरीय जुनियर तथा युवा रेडक्रस शिविर मङ्गला माध्यमिक विद्यालय सोतीपसल लमजुङ घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ ।

नेपाल रेडक्रस सोसाइटी गण्डकी प्रदेशको आयोजना तथा युवा रेडक्रस सर्कल मङ्गला माध्यमिक विद्यालय मध्यनेपाल ३, सोतीपसलको व्यवस्थापन तथा आतिथ्यता एवं मध्य नेपाल नगरपालिकाको सहयोगमा प्रदेश स्तरीय जुनियर तथा युवा रेडकस शिविर सम्पन्न भएको हो ।

“विश्वव्यापी रूपमा अभिप्रेरित, स्थानीय रूपमा सशक्तिकृत, जलवायुसम्बन्धी गतिविधिमा जुनियर तथा युवा रेडक्रस” भन्ने मूल नाराका साथ सञ्चालन भएको सो शिविरमा गण्डकी प्रदेशका नौ जिल्लाका ४७ जना जुनियर तथा युवा एवं शिक्षक नायक तथा जिल्ला जुनियर संयोजकहरूको सहभागिता रहेको थियो ।

युवा रेडक्रस सर्कल मंगला माध्यमिक विद्यालयका अध्यक्ष श्रेया कडेलको सभापतित्वमा सञ्चालन भएको तीन दिने सो शिविर समापन कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी गण्डकी प्रदेशका अध्यक्ष सूर्यप्रसाद ढकालले सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

शिविरमा समसामयिक विषयहरू जलवायु परिवर्तन, साइबर अपराध, युवा अनुकूलन, Y-Adapt, रेडक्रस अभियान, जुनियर तथा युवा रेडकसका असल अभ्यास एवं आगामी रणनीतिजस्ता विषयहरू समावेश गरिएको थियो ।

उक्त शिविर समापन समारोहमा नेपाल रेडक्रस सोसाइटी गण्डकी प्रदेशका महासचिव रामदत्त पौडेल, जुनियर युवा समितिका संयोजक तीर्थराज तिवारी र सदस्य रमेश भण्डारी, जुनियर तथा युवा विभागका उपनिर्देशक लीला खनाल, मङ्गला माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण बसौला, अभिभावक शिक्षक संघका अध्यक्ष शमशेर थापा, मङ्गला माध्यमिक विद्यालयका प्रधानाध्यापक विष्णुहरि बास्तोला, सहभागी युवा तथा जुनियर तथा शिक्षक नायकलगायतका वक्ताहरूले शिविरले युवा रेडकसलाई प्रदेशअन्तर्गतका जिल्लाहरूमा अझै सशक्तिकृत गर्न ऊर्जा थपेको भन्दै शिविरमा सिकेका कुराहरूलाई आफ्ना जिल्ला तथा सर्कलहरूमा क्रमशः अवलम्बन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

युवा रेडक्रस समिति गण्डकी प्रदेशका सदस्य सुनिता तिवारीले सञ्चालन गर्नुभएको सो कार्यक्रममा सहभागीहरूलाई सहभागिताको प्रमाणपत्र एवं आयोजकको तर्फबाट मायाको चिनो प्रदान गरिएको थियो ।

सो शिविरले आगामी वर्ष गरिने चौथो प्रदेश स्तरीय जुनियर तथा युवा रेडक्रस शिविर कास्की जिल्लामा गर्ने निर्णय समेत गरेको छ । विभिन्न जिल्लाका सहभागीहरूलाई आयोजक विद्यालयले लमजुङ जिल्लाअन्तर्गत मध्यनेपाल नगरपालिकाको करापुटारस्थित इसानेश्वर मन्दिरलगायतका ठाउँहरूको अवलोकनसमेत गराएको थियो ।

शिविरले जारी गरेको घोषणा पत्रमा जुनियर तथा युवा रेडक्रसको संगठनात्मक विकासलाई आगामी वर्ष अझै अगाडि बढाउन प्रत्येक जिल्लामा सर्कललाई सक्रिय बनाई युवाहरूलाई परिचालन गर्ने प्रतिबद्धता जाहेर गरिएको छ ।

साथै जुनियर युवा रेडक्रसको अक्षय कोषमा जम्मा हुने गरी प्रति जुनियर /युवा रु. १० संकलन अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने , जलवायु परिवर्तन, सडक सुरक्षा, साइबर शिक्षा, आन्तरिक तथा बाह्य बसाइसराई, वातावरण शिक्षा सम्बन्धी एवं हालका जल्दाबल्दा समस्याहरूका बारेमा जुनियर तथा युवा एवं शिक्षक नायकहरूलाई अभिमुखीकरण गर्ने प्रतिबद्धता जाहेर गरिएको छ ।

शिविरमा “ रक्तदान जीवनदान“ जीवनदान महादान भन्ने नारालाई युवा तथा जुनियरहरूमा प्रभावकारी बनाउन विभिन्न कार्यहरू सञ्चालन गर्ने, प्रत्येक विद्यालयमा सर्कल गठन गर्ने र समुदायभित्रका युवाहरूमा पनि सर्कल गठन गर्ने, प्रदेश तथा जिल्लास्तरीय गोष्ठीको संरचना एवं कार्यतालिकामा समयानुकूल परिवर्तन गर्ने, सोसाइटीको केन्द्र प्रदेश तथा जिल्लाका हरेक गतिविधिहरूमा युवा सहभागितालाई सुनिश्चित गरी व्यवहारमा उतार्ने एवं उच्चतम प्रविधि ज्ञानको प्रयोग गरी रेडकसका जुनियर तथा युवाका गतिविधिहरू सञ्चालन गर्ने र ती सम्पूर्ण गतिविधिहरुलाई प्रचारप्रसार गर्ने प्रतिबद्धतासमेत जाहेर गरिएको छ । उक्त शिविर कार्यक्रमको मध्यनेपाल नगरपालिकाका नगरप्रमुख रमेशकुमार पाण्डेले शुभारम्भ गर्नुभएको थियो ।

# यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी तालिम सम्पन्न



वैशाख १४ गते । विपद्को प्रारम्भिक चरणमा प्रदान गरिने यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी न्यूनतम सेवा सामग्री (Minimum Initial Service Package-MISP) सम्बन्धीको चार दिने तालिम सर्लाहीमा सम्पन्न भएको छ ।

सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य तालिम केन्द पथलैयाको आयोजना, स्वास्थ्य कार्यालय सर्लाहीको समन्वयमा, नेपाल रेडक्रस सोसाइटी विपद् व्यवस्थापन अन्तर्गत आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य कार्यक्रमको आर्थिक सहयोगमा तालिमको आयोजना गरिएको हो ।

तालिममा सर्लाही जिल्लाबाट विभिन्न नगरपालिका, गाउँपालिका र स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल र नेपाल रेडक्रस सोसाइटीबाट गरी २८ जनाको सहभागिता रहेको थियो ।

प्रदेश स्वास्थ्य तालिम केन्द्रका निर्देशक सरोज न्यौपाने, तालिम केन्द्रका प्रशिक्षक अनिल चौधरी, नेपाल रेडक्रस सोसाइटीका कार्यक्रम संयोजक नगेन्द्र अर्याल, स्वास्थ्य कार्यालय सर्लाहीका प्रशिक्षक पशुपति यादव, अनिल कुमार यादव, UNFPA सर्लाहीका बचालाल यादव, राष्ट्रिय तालिम केन्द्रका डा. ईश्वर प्रसाद उपाध्यायले तालिमको सहजीकरण गर्नुभएको थियो ।

तालिममा जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डा. नवल किशोर झा, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाका सभापति एवम् नेपाल रेडक्रस सोसाइटी केन्द्रीय सदस्य नागेन्द्रप्रसाद चौधरीको उपस्थिति रहेको थियो ।

# आगलागी हुन नदिन पूर्वतयारी, सर्तकता वा सावधानी अपनाएर बसौं ।

- अनिल पोखरेल, कार्यकारी प्रमुख, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

**हाम्रो देशमा आगलागी एउटा नियमित विपद् र समस्याको रूपमा रहेको छ । सुख्यायाम शुरूभएपछि घर, भवन एवं बनजंगलमा हुने आगलागीका घटनाहरूबाट बर्षेनी ठूलो जन धनको क्षति हुने गरेको छ । यसै सन्दर्भमा राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलसँग नेरेसोका सञ्चार अधिकृत कृष्ण नेपालले गर्नुभएको कराकानी यहाँ प्रस्तुत छ :**

## नेपालमा आगलागीका घटनाहरु हुने प्रमुख कारणहरु केके हुन सक्छन् ?

नेपालमा मानिसहरूले गर्ने सबैभन्दा ठूलो गल्ती भनेको बारीमा आगो लगाएर आफ्नो बारीको झारहरू मात्र मार्छन् भन्ने मनोविज्ञानले धेरैजसो आगलागीका घटनाहरू हुने गरेको देख्न सकिन्छ । त्यसैगरी गाईवस्तुहरू चराउन जाने क्रममा चुरोट खाएर जथाभावी सल्किएको चुरोटका ठुटाहरू फाल्ने, सुकेको रुखका पात, झारहरू जलाउने, बनभोज जाने र आगोलाई राम्रोसँग ननिभाई आउनेजस्ता मानवीय लापरवाहीहरूले गर्दा आगलागीको घटनाहरू हुने गर्दछ । अर्को भनेको बढ्दो शहरीकरण पनि हो । हामीले प्रयोग गर्ने बिजुलीका तारहरू व्यवस्थित नभएमा वा विधुतीय सामानहरू प्रयोग गर्दा भार प्रवाह बढी भएर आगोका झिल्काहरू निस्किएर आगालागी हुने गर्दछ भने कतिपय मानिसहरूमा दाउरा, ग्यास र आगोलाई कसरी परिचालन गर्ने भन्ने चेतनाको अभावले पनि आगलागीका घटनाहरू हुने गर्दछ ।

## आगलागीको घटनाहरु हुन नदिन वा न्युनीकरणका लागि के कस्ता प्रयासहरु भइरहेका छन् ?

सबैभन्दा मुख्य कुरा चेतनाको कमीले गर्दा आगलागीका घटनाहरू भएको देख्न सकिन्छ, जस्तो मानिसले आफ्नो खेतबारी वा खरबारीहरूमा आगो लगाउदा चैत, वैशाखको समयमा त्यसले विकराल रूप लिने गर्दछ र त्यो अवस्थालाई रोक्नको लागि हामीले जनसमुदायसम्म जनचेतना फैलाउने उद्देश्यका साथ विभिन्न मिडिया, सामाजिक सञ्जालहरूमार्फत् जनचेतनाका सामग्रीहरू प्रसारण गर्ने काममा ध्यान केन्द्रित रहेको छ । यससँगै आगलागीका घटनामा संलग्न भएका व्यक्तिहरूलाई ऐन, नियमअनुसार कामकारवाही र जरिवानाहरू हुन्छ भनी सिडियो कार्यालयहरूमार्फत् प्रसारण गर्ने गरेका छौं । त्यसैगरी आगलागी भईहालेमा कसरी बच्न सकिन्छ भन्ने उपाय र आगलागी हुनसक्ने कारणहरूको बारेमा जानकारी दिने कार्यमा विशेषत: ध्यान केन्द्रित रहेको छ । देशभरि नै डडेँलो लागिरहेको अवस्था छ, यो तत्काल नियन्त्रणमा आउने सम्भावना कम छ । मनसुन सुरु नभएसम्म आगलागीको जोखिम धेरै हुन्छ । त्यसकारण हामीले पूर्वतयारीका कामहरू गर्नुपर्ने हुन्छ, पूर्वतयारीका लागि आवश्यक पर्ने साधन, स्रोतहरू तयारी अवस्थामा राख्ने, प्राधिकरणले दमकलले मात्र आगलागी नियन्त्रण नहुने अवस्थामा विभिन्न पोखरी, ईनार, खोला, नाला, पानी ट्यांकी र पानीको ट्यांकरहरूबाट पानी तान्न सक्ने फायर पम्पहरू अन्तर्राष्ट्रिय स्तरबाट केही नमुना स्वरूप व्यवस्था गरेर आगलागीको उच्च जोखिम रहेको स्थानहरूमा परिचालन गरेका छौं । आगलागीको बढी जोखिममा रहेका वनजंगलहरूमा फायर लायन्सहरू बनाउने, स्थानीय विपद् व्यवस्थापन समितिसँग, पालिका र जिल्लास्तरमा र देशभरि नै १ लाखभन्दा बढी स्वयंसेवककहरूसँग बैठकहरू बसी आगलागीका जोखिमहरू पहिचान गर्ने, आगलागीका घटनाहरू भइहालेमा सम्पर्क गर्ने नम्बरहरू, यसबाट बच्ने उपायहरू र नियन्त्रण गर्ने तरिकाहरूको बारेमा समुदायको टोलटोलसम्म फैलाउने प्रयासहरू भइरहेको छ ।



## जानी जानी आगलागीका घटनामा संलग्न भएमा के कस्ता कानुनी कामकारबाहीहरु हुने गर्छन ?

यदि जानीजानी आगलागीका घटनामा संलग्न भएमा ऐनअनुसार न्यूनतम रु.५० हजार जरिवाना, जेल, काराबास, क्षतिको क्षतिपूर्ति दिने कारवाहीहरूको व्यवस्था रहेको छ । यो कामकारबाहीहरू विगतमा त्यति धेरै प्रयोगमा आएका थिएनन् । हालसालै एकदमै धेरै डडेँलोको घटनाहरू भएको र आगलागीका कारण मानव बस्ती नै सखाप भएकोले यो ऐन अनुसारको कामकारबाहीलाई कडाईका साथ लागू गर्ने कामहरू गरिरहेका छौं ।

## के आगलागीको दृष्टिकोणले जोखिमपूर्ण क्षेत्र भनेर आँकलन गरिएको छ ?

डडेँलोको हिसाबबाट मुख्य गरी मध्यपहाडी भूभागहरू बढी जोखिममा रहेको देख्न सकिन्छ भने सुदुरपश्चिम र कर्णाली बाहेक त्योभन्दा पूर्वका जिल्लाहरूमा डढेलो अथवा आगलागीको सम्भावना वा जोखिम बढी भएको वन मन्त्रालयको डढेलो जोखिम अध्ययनको तथ्यांकले देखाउँदछ । शहरी बस्तीहरूमा लाग्ने आगलागीका मुख्य क्षेत्रहरू हेर्ने हो भने पूर्वी र मध्यपहाडी जिल्ला र सदरमुकामहरूमा हामीले बढी पाएका छौं भने तराईका सन्दर्भमा काठ, बाँस वा खरले बनाएका घरहरू धेरै भएको बस्तीहरूमा आगालागीको जोखिम बढी रहेको देखिन्छ ।

## यदि आगलागी भईहालेको अवस्थामा तत्कालै के गर्न सकिन्छ ?

यदि आगलागी भइहाल्यो भने सबैभन्दा पहिला १०२ दमकललाई फोन गरेर जानकारी गराउनुपर्छ भने दोस्रो कुरा आगलागी भएको घरमा स-साना बालबालिका, जेष्ठ नागरिक वा अशक्त व्यक्तिहरू छन् भने उनीहरूलाई सुरक्षित स्थानमा लग्नुपर्छ , तेस्रो कुरा समुदाय वा टोलछिमेकमा सहयोगको लागि बोलाउने, आपत्कालीन साइरन बजाउने, आगलागी नियन्त्रणमा काम गरिरहने स्वयंसेवकहरूलाई जानकारी दिने गर्नुपर्दछ । सबैजना मिलेर पानीको स्रोतहरू खोज्ने र आगो नियन्त्रणमा लिने काम गर्नुपर्दछ । यदि आगो ठूलो तथा नियन्त्रणमा लिन सक्ने अवस्था छैन भने आफ्नो ज्यान जोखिममा राखेर नियन्त्रणमा लिने प्रयास गर्नु हुँदैन ।

## अन्त्यमा हाम्रा पाठकहरुलाई के भन्न चाहानुहुन्छ ?

जेठको अन्तिमसम्म आगलागीको जोखिम उच्च रहन्छ । आगलागीले हामीलाई हानीनोक्सानी गर्न सक्छन् त्यसैले हामी आगलागीबाट बच्न, आगलागी हुन नदिन पूर्वतयारी, सर्तकता वा सावधानी अपनाएर बसौं भन्न चाहान्छु ।

---

(पृष्ठ २ को बाँकी)

## अन्तर्राष्ट्रिय रेडक्रस ... ...

हालै नेपाल सरकारले आईएफआरसीद्वारा प्रतिपादित Law and DRR Checklist लाई आधार लिई पालिका विपद् जोखिम व्यवस्थापन मूल्याङ्कन दस्तावेज स्वीकृत गरेको जानकारी गराउनुभयो । उहाँले स्थानीय सरकार र स्थानीय रेडक्रस शाखाहरूबीचको सहकार्यलाई प्रबर्धन गर्नुपर्नेमा जोड दिनुभयो ।

यसैगरी बैठकमा स्थानीय नेतृत्व र क्षमता सबलीकरणसम्बन्धी प्रस्तावको छलफलमा भाग लिँदै अध्यक्ष प्रा. नेपालले राष्ट्रिय रेडक्रस सोसाइटीहरू मानवीय कार्यमा सम्बन्धित सरकारको सबैभन्दा भरपर्दो साझेदार रहेको बताउँदै राष्ट्रिय सोसाइटीको स्वतन्त्रता र स्वायत्तता पनि उत्तिकै महत्वपूर्ण रहेको बताउनुभयो । राष्ट्रिय रेडक्रससम्बन्धी कानुन बनाउँदा यो पक्षलाई प्रष्टसँग समेट्ने गरी प्रस्तावमा समेट्न उहाँले सुझाव दिनुभयो । उहाँले प्रस्तावमा राष्ट्रिय रेडक्रसको शाखा र स्थानीय सरकारबीचको सहकार्यमा समेत जोड दिइएकोमा प्रस्तावको स्वागत समेत गर्नुभयो ।

यसैगरी अध्यक्ष प्रा. नेपालले दक्षिण एसियाली राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीका प्रतिनिधिहरूसँग क्षेत्रीय सहकार्यका विषयमा अनौपचारिक छलफल गर्नुभएको थियो ।

यसै क्रममा मे ८ तारिखमा आईएफआरसी र आईसीआरसीद्वारा संयुक्त रूपमा आयोजित राष्ट्रिय सोसाइटीहरूको कानुनी सल्लाहकारहरूको बैठकमा नेपाल रेडक्रस सोसाइटीका कानुनी परामर्शदाता विजय दाहालले भाग लिनुभयो । अन्तर्राष्ट्रिय मानवीय कानुन, विपद् कानुन, अभियानको वैधानिक बैठकका प्रस्तावहरूको तयारी, आईएफआरसीको विधान संशोधन, विद्युतीय रेडक्रस तथा रेडक्रिसेन्ट चिन्ह, लगायत तथ्याङ्क संरक्षणका विषयहरूमा कानुनी बैठकमा छलफल भएका थिए ।

# विश्व रेडक्रस दिवसका अवसरमा विभिन्न जिल्लामा सपन्न गतिविधिहरु

यस वर्षको विश्व रेडक्रस दिवस मे ८ नेपाल रेडक्रस सोसाइटीका निकायहरूद्वारा देशव्यापी रूपमा विविध कार्यक्रमहरूको आयोजना गरी मनाइएको समाचारहरू प्राप्त भएका छन् ।




दिवसकै अवसरमा नेपाल रेडक्रस सोसाइटी **बागमती प्रदेश** र **काठमाडौं** जिल्ला शाखाको आयोजनामा दीप प्रज्वलन कार्यक्रमको आयोजना गरिएको छ ।

काठमाडौंको रत्नपार्कस्थित शान्ति बाटिकामा सम्पन्न दीप प्रज्वलन कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय पदाधिकारी र सदस्यहरू, वागमती प्रदेश, काठमाडौं र भक्तपुर जिल्ला शाखाका पदाधिकारी र सदस्यहरूका साथै उपत्यकास्थित त्रिचन्द्र कलेज, नेपाल कमर्श क्याम्पस, शंकरदेव र पब्लिक युथ कलेजलगायतबाट युवा रेडक्रस सर्कलका स्वयंसेवकहरूको उपस्थिति रहेको थियो ।

यस्तै **लुम्बिनी प्रदेश**द्वारा विश्व रेडक्रस दिवसको अवसरमा बुटवल-४ स्थित ज्ञानोदय रात्री मा.वि.मा रेडक्रस अभियानसम्बन्धी अभिमुखीकरण कार्यक्रमको



आयोजना गरिनुका साथै विद्यालयका लागि ५ सय थान मास्क हस्तान्तरण गरिएको छ ।

नेपाल रेडक्रस सोसाइटी **बाँके** जिल्ला शाखाअन्तर्गत रहेका १७ वटा उपशाखाहरूले स्थानीय स्तरमा विविध कार्यक्रमको आयोजना गरी दिवस मनाएका छन् ।

सोसाइटीको कुसुम उपशाखाले प्रवचन कार्यक्रम, कोहलपुरले नीलसागर सेवाश्रममा फलफूल वितरण, बेलासपुरले रक्त समूह परीक्षण, बागेश्वरी उपशाखाले कुर्सी दौड प्रतियोगिता, कचनापुर, बेतहनी, बैजनाथ र पुरैनी उपशाखाले रेडक्रस अभियान प्रचार प्रसार कार्यक्रम सञ्चालन गरेका छन् । यस्तै सितापुर र गंगापुर उपशाखाले सर्कल गठन र रेडक्रससम्बन्धी जानकारी, सोनारी र बाँके बगियाले विद्यालयमा सरसफाइ अभियान, घरवारीटोल र पिप्रहवाले व्याच वितरण र जानकी, मनिकापुर र सदरलाइन उपशाखाले दीपप्रज्वलन गरेको छ भने रक्तसञ्चार सेवाद्वारा नेपालगञ्ज र कोहलपुरमा खुला रक्तदान कार्यक्रमको आयोजना गरी दिवस मनाएको छ ।

नेपाल रेडक्रस सोसाइटी **काभ्रेपलाञ्चोक** जिल्ला शाखामा जिल्ला शाखाका पदाधिकारी, सदस्य, कर्मचारीहरूको उपस्थितिमा औपचारिक समारोहको आयोजना गरी दिवस मनाइएको छ ।

यस्तै **बाजुरा** जिल्ला शाखाले पालिका स्तरीय कृत्रिम घटना अभ्यास सञ्चालन गरेको छ । सो कृत्रिम घटना अभ्यास बाजुरा जिल्ला शाखा, बुढीगंगा नगरपालिका र साहस नेपालको संयुक्त आयोजनामा सम्पन्न भएको थियो ।

यस्तै नेपाल रेडक्रस सोसाइटी **बागलुङ** जिल्ला शाखाले जिल्लाका सरोकारवालाहरूसँग स्वास्थ्य तथा विपद्सम्बन्धी अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो ।




सो कार्यक्रममा समुदायमा सञ्चालन गरिएका विभिन्न गतिविधिहरू र कार्ययोजनाका बारेमा सरोकारवालालाई जानकारी गराइनुका साथै जिल्लाको स्वास्थ्य र महामारीको अवस्था र भावी योजनाका बारेमा जिल्ला शाखाको तर्फबाट प्रस्तुतिकरण गरिएको थियो ।

यसैगरी **मोरङ** जिल्ला शाखाले विश्व रेडक्रस दिवसका अवसरमा जिल्लामा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको छ ।

**कालीकोट** जिल्ला शाखाले जिल्ला अस्पतालका विरामीहरूलाई फलफूल वितरण गरेको छ ।

यसै अवसरमा **म्याग्दी** जिल्ला शाखाले प्रभातफेरिको आयोजना गर्नुका साथै ट्राफिक प्रहरी कार्यालय, बेनीलाई २५ सय थान सर्जिकल मास्क प्रदान गरेको छ ।

युवा रेडक्रस सर्कल आदिकवि भानुभक्त क्याम्पस, **तनहुँ**ले विश्व रेडक्रस दिवसको अवसरमा व्यास नगरपालिका १३ स्थित सिद्धवेनी आधारभूत विद्यालयका ३० जना छात्रछात्राहरूलाई शैक्षिक सामग्रीहरू वितरण गरेको छ ।

यसैगरी **खोटाङ** जिल्ला शाखाले दिवसका अवसरमा रक्तदान कार्यक्रमको आयोजना गरेको छ भने **धादिङ** जिल्ला शाखाले आयोजना गरेको खुल्ला रक्तदान




कार्यक्रममा ९२ जनाले रक्तदान गर्नुभएको छ । यसै उपलक्ष्यमा **कञ्चनपुर** जिल्ला शाखाले जँ हेनरी ड्युनाको तस्वीर माल्यार्पणसहित कार्यक्रमको आयोजना गरेको छ ।

नेपाल रेडक्रस सोसाइटी **लमजुङ** जिल्ला शाखा र शाखाअन्तर्गतका उपशाखा एवं सर्कलहरूद्वारा विविध कार्यक्रमको आयोजना गरी विश्व रेडक्रस दिवस मनाइएको छ । यसै उपलक्ष्यमा जिल्ला शाखाले रक्तदान कार्यक्रमका साथै अस्पतालका सुत्केरी महिलाहरूको लागि न्यानो कपडा तथा स्वास्थ्य सामग्रीसहितको झोला वितरण गरिएको छ ।

युवा रेडक्रस सर्कल मंगला मा. वि. सोतीपसल, **लमजुङ**द्वारा प्रभातफेरिका साथ बजार क्षेत्रको परिक्रमा, सरसफाइ र चन्दा संकलन गरी विश्व रेडक्रस दिवस मनाइएको छ । यस अवसरमा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयबाट सोसाइटीको गण्डकी प्रदेश कार्यालयमार्फत् प्राप्त एप्रोन, मास्कलगायतका सामग्रीहरू सर्कलका संरक्षक एवम् प्रधानाध्यापक विष्णुहरि बास्तोलालाई हस्तान्तरण



गरिएको छ । यसैगरी सोसाइटीको चक्रतीर्थ उपशाखाअन्तर्गतका सौभाग्योदय मा. वि. को आयोजनामा वक्तृत्वकला प्रतियोगिताको आयोजना गरिएको छ ।

नेपाल रेडक्रस सोसाइटी **चितवन** जिल्ला शाखाले माल्यार्पण र अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको छ भने **तेह्रथुम** जिल्ला शाखाले म्याङलुङ नगरपालिका स्तरीय हाजिरी जवाफ प्रतियोगिताको आयोजना गरेको छ ।

विश्व रेडक्रस दिवसकै अवसरमा युवा रेडक्रस सर्कल **सैनिक आवासीय विद्यालय धरान**ले सरसफाइ कार्यक्रमको आयोजना गरेको छ भने

**पाल्पा**स्थित नियर रेडक्रस सर्कल (बेथल स्कूल) द्वारा विश्व रेडक्रस दिवसको अवसरमा कमलादेवी प्रा.वि, पूर्वखोला-६ देवीनगर, बेसर्घाका विद्यार्थीहरूलाई पोषाक वितरण गरेको छ । .